# सम्मरीमाई गाउँपालिकाका उपाध्यक्ष श्री कुमारी प्रियंका शाही सिंह ज्यूले गाउँ सभाको सत्रौँ अधिवेशनमा पेश गर्नुभएको आर्थिक वर्ष २०८२/०८३ को बजेट बक्तव्य

**सम्मरीमाई गाउँपालिका**

**फरेना, रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

**२०८२ असार १०**

गाउँसभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यज्यूहरु,

१. सर्वप्रथम, सम्मरीमाई गाउँपालिकाको गाउँसभाको सत्रौँ अधिवेशनमा हार्दिक स्वागत गर्दछु । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम यस गरिमामय गाउँ सभाको सत्रौँ अधिवेशनमा योजना तर्जुमा समिति संयोजकको पदीय जिम्मेवारीले आर्थिक बर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्वको अनुभुति भएको छ ।

२. यस महत्त्वपूर्ण अवसरमा नागरिक सर्वोच्चता, शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यो लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन व्यवस्था स्थापनाका लागि योगदान पुर्याउनु हुने नेतागण तथा आम दाजु भाई दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

३. यस बजेट तर्जुमाका क्रममा हामीले नेपालको संविधान, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, स्थानीय तहको एकल तथा साझा अधिकारका बिषयहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा कार्यक्रम, १६ औं आवधिक योजना, दीगो विकासका लक्ष्य प्राप्तिका लागि राज्यले जाहेर गरेका प्रतिवद्धता, हामीले निर्वाचनको क्रममा जनतासामु व्यक्त गरिएका प्रतिबद्धता, विगतका आर्थिक वर्षहरुमा सम्मरीमाई गाउँपालिकाले लिएका नीति कार्यक्रम तथा योजना, बस्ती स्तरबाट आएका सुझावहरु, विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुले विभिन्न माध्यमबाट दिनु भएका राय, सल्लाह तथा सुझावहरुलाई महत्वपूर्ण आधारका रुपमा ग्रहण गरिएको छ ।

४. यस अघिको गाउँसभाको बैठकमा पेश भएको नीति कार्यक्रमसँग तादम्य हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । साथै गत विगत बर्षका समयमा बजेट पारित नभई हुने गरेको ढिलाईलाई यस आर्थिक बर्षमा अन्त्य गर्दै असार १० गते नै सबै योजना कार्यक्रम सहितको पूर्ण बजेट पेश गर्न सफल भएका छौं । बजेट तर्जुमाका क्रममा विभिन्न व्यक्तिहरुले दिनु भएका राय, सुझाव र सल्लाहलाई स्रोत साधनले भ्याए सम्म सम्बोधन गर्न प्रयास गरिएको छ तथापी सिमित स्रोत साधनका कारण सबै मागहरु सम्बोधन हुन नसकेको कुरा यस सभा समक्ष अवगत गराउन चाहन्छु ।

५. गाउँपालिकाबासीको सुख, शान्ति र समुन्नति हासिलका लागि हाम्रा प्रयास प्राथमिकता, प्रतिबद्धता र आम नागरिकका विकास सम्बन्धी आकांक्षाहरुलाई सम्बोधन गर्ने गरी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट मूख्य रुपमा केन्द्रित रहेको छ ।

गाउँसभाका अध्यक्ष महोदय,

गाउँसभाका सदस्यज्यूहरु,

अब म यहाँहरु समक्ष गत आर्थिक वर्ष २०८०/८१ को यथार्थ आय व्ययको जानकारी गराउने अनुमति चाहन्छु ।

६. गत आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक स्रोतबाट ३८ लाख ९ सय ४० रुपैया ६२ पैसा र संघीय सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त रु. २७ करोड ९२ लाख ५८ हजार २ सय ८९ रुपैया २० पैसा, प्रदेश सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त रु. २ करोड ८७ लाख ०५ हजार ९ सय ०६ एवम् राजश्व बाँडफाँडबाट ९ करोड १७ लाख ४१ हजार ६ सय ६८ रुपैया ८६ पैसा र अघिल्लो बर्षको सरी आएको मौज्दात २ करोड ७ लाख ३४ हजार ७ रुपैया ७० पैसा गरी कुल ४२ करोड ४२ लाख ४० हजार ८ सय १२ रुपैया ३८ पैसा आय भएको देखिन्छ । यसैगरी, व्यय तर्फ कुल ४० करोड ९६ लाख १७ हजार ६४ रुपैया ९ पैसा मध्ये चालु तर्फ २६ करोड ६० लाख

८९ हजार ५ सय ६७ रुपैयाँ १४ पैसा र पुँजीगत तर्फ १४ करोड ३५ लाख २७ हजार ४ सय ९६ रुपैया ९५ पैसा रहेको देखिन्छ ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

अब म चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्त सम्मको यथार्थ आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

जेठ मसान्त सम्मको यथार्थ आम्दानी र खर्च :

७. चालु आर्थिक वर्ष २०८१।८२ को प्रक्षेपित कुल आय रु. ५० करोड ५९ लाख १६ हजार ५ सय मध्ये जेठ मसान्तसम्म रु. ४२ करोड ५४ लाख ३८ हजार ६ सय ३७ रुपैया ३७ पैसा प्राप्त भएको छ । जसमध्ये, आन्तरिक स्रोतबाट ४४ लाख ८२ हजार ५ सय ४७ रुपैया ८० पैसा, संघीय अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त रु ३१ करोड ७५ लाख ३६ हजार ५ सय ५१, प्रदेश सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त रु १ करोड ४८ लाख ५३ हजार, राजश्व बाँडफाँडबाट प्राप्त रु ७ करोड ५५ लाख २ हजार २ सय ४४ रुपैया ९ पैसा र अघिल्लो बर्षको सरी आएको मौज्दात १ करोड ५९ लाख ४४ हजार ७ सय ५ रुपैया ८२ पैसा गरी कुल ४२ करोड ८३ लाख १९ हजार ४८ रुपैया ७१ पैसा आय प्राप्त भएको छ ।

८. त्यसैगरी, व्ययतर्फ चालु आर्थिक वर्ष २०८१।८२ को जेठ मसान्तसम्म २६ करोड ८४ लाख ८१ हजार ७ सय ११ रुपैया ३७ पैसा खर्च भएको छ । जुन व्यय अनुमानको ५३ दशमवल ०६ प्रतिशत मात्र हुन जान्छ । जेठ मसान्तसम्म भएको कूल खर्च मध्ये चालु तर्फ रु २१ करोड ६९ लाख ३६ हजार ५ सय ४१ रुपैया ३८ पैसा अर्थात ६४ दशमवल ०६ प्रतिशत र पूँजिगत तर्फ रु. ५ करोड १५ लाख ४५ हजार १ सय ६९ रुपैया ९९ पैसा अर्थात ३० दशमबल ८१ प्रतिशत खर्च भएको छ ।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

अब म बजेट प्रणालीमा देखा परेका विद्यमान चुनौतीहरुको चर्चा गर्ने अनुमति चाहन्छु ।

१. संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान र राजश्वमा राजश्व बाँडफाँडबाट प्राप्त आयमा संकुचन आएको छ । आन्तरिक आय लक्ष्य अनुसार सङ्कलन गर्न सकिएको छैन । सशर्त अनुदान तर्फ संघिय सरकारबाट हस्तान्तरित वैदेशिक अनुदानको फुकुवा पूर्ण रुपमा भएको छैन । जसले गर्दा पूर्व निर्धारित प्राथमिकताका योजना तथा कार्यक्रमहरु समयमा सञ्चालन गर्न समस्या सिर्जना भएको छ ।
२. चालु आर्थिक बर्षमा बजेट विनियोजन भएका कतिपय योजनाहरुमा पर्याप्त बजेट नहुँदा अधुरो रहने अवस्थामा छन् । सम्पन्न योजनाहरु समेत तोकिएको समयमा भुक्तानी माग गर्न नआउँदा अधिकांश योजनाहरुको भुक्तानी गर्न सकिएको छैन जसले गर्दा पुजीगत तर्फ वित्तीय प्रगति लक्ष्य अनुरुप हुन सकेको छैन । अर्को तर्फ विगत देखि निर्माणाधिन योजनाहरु तोकिएको समयभित्र सम्पन्न नहुँदा भुक्तानी दायित्त्व अर्को आर्थिक वर्षमा सर्दै गई आर्थिक भार थपिदै जानुले गाउँपालिकाले नयाँ गौरब र ठूला आयोजनाहरुको सुरुवात हुन समस्या हुने गरेको छ ।
३. राजश्व बाँडफाँडबाट प्राप्त हुने आय लक्ष्य भन्दा न्यून प्राप्त हुने, समयमा प्राप्त नहुने प्रवृतिले प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउन सकिएको छैन् ।

४. बजेटको ठुलो परिमाण नेपाल सरकार, प्रदेश सरकार लगायत अन्य सरकारी तथा गैहसरकारी संघसंस्थाहरुको सहकार्यमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि लागत साझेदारी वापत व्यहोर्नु पर्ने स्थिति रहेको छ।

५. गाउँपालिकाले विगतमा विभिन्न सामुदायिक विद्यालयमा नियुक्त गरेका स्वंयसेवक अनुदानका शिक्षक, लगायत अन्य कर्मचारीहरु, वडा कार्यालय, स्वास्थ्य, कृषि लगायत गाउँपालिकाको विभिन्न शाखा अन्तर्गत करार कर्मचारीको तलब भत्ताका लागि निरन्तर ठूलो रकमको व्ययभार थपिएको छ।

६. गाउँपालिका बासीको बढ्दो माग र सेवा प्रवाहबीच तालमेल गर्न निर्माण गर्नुपर्ने भौतिक संरचना तथा प्रशासनिक खर्चको भारमा समेत भएको बढोत्तरीले स्रोतमा अभाव सिर्जना गरेको छ।

गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्यहरु,
माथि उल्लेखित चुनौतिलाई मनन गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्य र सहयोगमा उपलब्ध सार्वजनिक स्रोत साधनको अधिकतम परिचालन गर्दै गाउँपालिकाको सर्वाङ्गीण विकास गर्न बजेटका उद्देश्य तथा प्राथमिकताहरु निम्न अनुसार तय गरेकोछु।

आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्यहरु :

- बजेट तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रणालीमा सुधार गरी समग्रमा वित्तीय सुशासन कायम गर्ने,
- सम्मरीमाई गाउँपालिकाको आधुनिक शैक्षिक पूर्वाधार सहितको शिक्षामा पहुँच अभिवृद्धि गर्दै स्वास्थ्य तथा खानेपानीको गुणस्तर सुधार एवम् सर्वशुलभ पहुँच पुऱ्याउने,
- कृषिको व्यवसायीकरण, पर्यटन क्षेत्रको विकास र विस्तार मार्फत स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्ने,
- दलित, महिला जनजाति, अपाङ्गता भएका व्यक्ति, गरिब तथा सिमान्तकृत समुदायको जीवनस्तर उकास्न विभिन्न कार्यक्रम सञ्चालनका साथै बहुप्रकोपको जोखिमबाट हुने क्षति न्यूनीकरणको लागि समन्वय सहकार्य गर्ने,
- गाउँपालिकाको भित्र रहेका विपन्न समुदायमा उद्यम विकास, सहकारिता मार्फत यूवा तथा अति विपन्नका परिवारका लागि रोजगारी सिर्जना गर्ने,
- सूचना, प्रविधि तथा सञ्चार सेवाको विस्तार, मानव संशाधनको विकास, नागरिकमैत्री सेवाप्रवाह तथा भ्रष्टाचार नियन्त्रण गर्दै संस्थागत सुशासन कायम गर्ने,
- गुणस्तरीय र दिगो पूर्वाधार निर्माण मार्फत गाउँपालिकालाई "समृद्ध सम्मरीमाई गाउँपालिका" को रुपमा विकास गर्ने,
- प्राथमिकताका आधारमा गाउँपालिकाको स्थानीय आवश्यकता पहिचान गरी विकास साझेदार निकायहरुसँग समन्वय, सहकारिता र साझेदारी कायम गर्ने,

आर्थिक वर्ष २०८२/०८३ को बजेटका प्राथमिकताहरु :

- बजेट प्रणालीमा सुधार र वित्तीय सुशासन,
- आधुनिक शैक्षिक पूर्वाधार सहितको शिक्षामा पहुँच अभिवृद्धि,
- स्वास्थ्य तथा खानेपानीको गुणस्तर सुधार एवम् सर्वशुलभ पहुँच,
- दिगो, भरपर्दो पूर्वाधार निर्माण एवम् संरक्षण,
- कृषि तथा पशुपंक्षी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि तथा व्यवसायीकरण,
- पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण,
- उद्यमशिलता विकास, रोजगारी सिर्जना,
- विपद् व्यवस्थापन,
- भ्रष्ट्राचार बिरुद्ध शून्य सहनशिलता तथा संस्थागत सुशासन,
- सूचना प्रविधी तथा सञ्चार,
- समानता र सामाजिक न्याय ।

गाउँ सभाका अध्यक्ष महोदय, गाउँ सभाका सदस्यहरु, अब म आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित बजेटका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सामाजिक विकासः

### शिक्षाः

१. सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्यालाई घट्न नदिई सामुदायिक विद्यालयप्रति विद्यार्थी र अभिभावकको विश्वासको वातावरण अभिवृद्धि गर्न शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पहिलो प्राथमिकता दिई विभिन्न कार्यक्रमहरुका लागि बजेट विनियोजन गरेको छु ।

२. भौतिक पूर्वाधार निर्माणको लागि पिपरी बरबासी आ वि को लागि प्रदेश विशेष अनुदान वापत रु १७ लाख विनियोजन गरेको छु ।

३. विद्यालयको भौतिक पूर्वाधारलाई थप सुदृढीकरण गर्न संघ सरकार र गाउँपालिकाको लागत साझेदारीमा २ वटा विद्यालयहरुमा नयाँ भवन निर्माण गर्न ६५ लाख र विगतमा निर्माण प्रारम्भ भई निर्माणाधिन रहेका विद्यालय भवनलाई पूर्णता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

४. विद्यालयको प्रशासनिक कामकाज तथा शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट, पर्याप्त फर्निचर, विज्ञान प्रयोगशाला, कम्प्युटर तथा स्मार्ट बोर्ड जस्ता शैक्षिक पूर्वाधार विस्तारका लागि रु १३ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५. गरिव, दलित, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई दिदै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत सशर्त अनुदानमा तर्फको कार्यक्रमलाई निरन्तरता दिइएको छु ।

६. टुहुरा बालबालिकालाई निःशुल्क पठन पाठनको व्यवस्था गरी पालिकाले अभिभावकत्व ग्रहण गर्ने नीतिको कार्यान्वयनको विगतमा भएको सम्झौता कार्यान्वयनको व्यवस्था गरेको छु ।

७. विद्यार्थीहरुमा लुकेर रहेको प्रतिभालाई प्रष्फुटन, पहिचान र प्रवर्दधन गर्न वडा तथा पालिका स्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमका हाजिरी जवाफ लगायतको कार्यक्रमको लागि ३ लाख बजेट विनियोजन गरेको छु ।

८. शिक्षकहरूको क्षमता विकास र वृत्ति विकासका लागि विभिन्न पेशागत तथा पुनर्ताजगी, सामुदायिक विद्यालयहरुमा सेनिटरी प्याड वितरण, प्रत्येक विद्यालयको निरन्तर, प्रभावकारी तथा नतिजामुलक ढंगले अनिवार्य रुपमा अनुगमन, स्थानीय पाठ्यक्रम अनुरुप सन्दर्भ सामाग्रीहरुको निर्माण, कक्षा ५ र ८ को पालिकास्तरीय बार्षिक परीक्षा संचालन, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि सरोकारवालहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम, शैक्षिक क्यालेण्डर प्रकाशन लगायत विभिन्न शिर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु ।

९. सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको थप पारिश्रमिक तथा गाउँपालिका अनुदानका बालविकास र पिसिएफ अनुदानकोटमा कार्यरत शिक्षकको पारिश्रमिकका लागि सशर्त अनुदान वाहेक थप रु ३ करोड बजेट व्यवस्था गरेको छु ।

१०. सशर्त अनुदानबाट हस्तान्तरित बजेटका अतिरिक्त पालिकाबाट शिक्षा तर्फ थप रु ४ करोड बजेट विनियोजन गरेको छु ।

## युवा तथा खेलकुदः

१. जिल्ला स्तरिय र गाउँपालिका स्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताका सञ्चालन गर्नका लागि र अन्य खेलकुद प्रतियोगिताका लागि ५ लाख साथै प्रत्येक वडामा मेला चाडपर्वका लागि ५ लाख बजेट व्यवस्था गरेको छु । अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थी प्रतिभा पहिचानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्यः**

१. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधारको लागि भिडियो एक्सरे, ल्याव उपकरण लगायत अन्य औजार उपकरण खरिद तथा पोषण सम्बन्धी कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२. नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको समयमै पहिचान गरी परामर्श र उपचार सेवा पाउने व्यवस्था मिलाईने छ। ज्येष्ठ नागरिकहरुको स्वास्थ्यलाई विषेश प्राथमिकता दिँदै ज्येष्ठ नागरिकहरुलाई घर घरमा गई स्वास्थ्य परीक्षण गर्नका लागि मासिक रुपमा संचालन गरिदै आएको ज्येष्ठ नागरिकलाई घरघरमा स्वास्थ्य सेवा कार्यक्रम" को दायरा विस्तार गरेको छु ।

३. सुनौला १००० दिन भित्रका बच्चाहरु तथा आमाको पोषण अवस्थालाई सुधार गर्न, बालबालिकालाई कुपोषण बाट बचाउन पोषण सम्बन्धि विविध सचेतानामूलक कार्यक्रम गरिने छ । स्वास्थ्य आमा समुहको मासिक बैठकमा स्वास्थ्यकर्मीहरुको अनिवार्य उपस्थिति गराई पोषण सम्बन्धी छलफल गराई तरकारी लगायत हरिया सागपात उत्पादनमा जोड दिन कृषि विकास शाखासँग सहकार्य गरी कार्यक्रमहरु संचालन गरने छ । पोषणमैत्री स्वास्थ्य संस्था, पोषणमैत्री वडा र पालिका घोषणका लागि आवश्यक सुचकहरु हाँसिल गर्न समुदायस्तरमा पोषण कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४. मातृ तथा शिशु मृत्यदर घटाउन संस्थागत प्रसुती लाई प्रोत्साहन गरी घरमा हुने प्रसुतीलाई शन्य बनाउन बर्थिङ सेन्टरहरुलाई थप सुदृढ गरिदै लगिनेछ र यसका साथै पालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरबाट गर्तवती, प्रसुती र सुत्केरी अवस्थामा जटीलता भई नजिकको सेन्टर सम्म प्रेषण गर्नुपरेमा सेवाग्राहीलाई निःशुल्क एम्बुलेन्स उपलब्ध गराईने छ । नियमित खोप सेवा सुदृढीकरण गर्दै पूर्ण खोप सुनिश्चितता, निरन्तरता र दिगोपना वडा तथा पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५. समुदाय स्तरको स्वास्थ्य सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई उच्च मुल्यांकन गर्दै खोप, गाउँघर क्लिनिक, स्वास्थ्य आमासमुहको नियमित बैठक लगायतका कार्यक्रममा थप सक्रियता बढाउन प्रयत्न गरिनेछ ।

६. गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण गरिने औषधीहरु नियमित तथा पर्याप्त मात्रामा उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

७. स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रतिबेदन लाई चुस्त दुरुस्त बनाउन नियमित मासिक बैठक बसी अभिलेख तथा प्रतिबेदन सम्बन्धी छलफल गर्ने पद्धतिलाई निरन्तरत दिन, पालिकामा रहेका ७ बटै स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट सेवा विस्तार गर्न, आमा समुहको बैठक र स्वास्थ्यकर्मी तालिम लगायतका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

८. महिला स्वास्थ्य स्वयं सेविकालाई मासिक प्रोत्साहन भत्ताको निरन्तरताको लागि आवश्यक बजेट गाउँपालिकाबाट उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

९. नागरिकको स्वास्थ्यलाई ख्याल गर्दै सशर्त अनुदान बाहेक ६० लाख बजेटको व्यवस्था गरेको छु ।

१०. सबै वडा आयुर्वेदिक उपचार पद्धतिको सेवाको पहुँच विस्तारका लागि औषधी खरिद लगायतको कार्यको लागि १५ लाख बजेट व्यवस्था गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२. महिला तथा दलित विरुद्द हुने सबै प्रकारका भेदभाव अन्त्य गरी सामाजिक न्याय कायम गर्न, महिला सशक्तीकरण र महिलाको सिपविकास मार्फत आयआर्जन वृद्धि गरी आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरेको छु ।

३. महिला बिशेष कार्यक्रम अन्तर्गत वडागत रुपमा तिज, महिला दिवस लगायत दिवस तथा कार्यक्रम संचालन, स्वरोजगारमा लाग्न चाहने महिलाहरुलाई सीप विकास तालिम र आयआर्जनमूलक सामग्री सहयोगका लागि आवश्यक विनियोजन गरेको छु।

४. बालविवाह सम्बन्धी सचेतना तथा पालिकास्तरिय बालदिवस कार्यक्रमका लागि रु.२ लाख बजेट विनियोजन गरेको छु।

५. व्यवसाय गर्न चाहने उद्यमीको सीप विकास तालिम तथा लागत साझेदारीमा आवश्यक सामग्री सहयोग गरी स्वरोजगार अभिवृद्धिका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाई:**

१. खानेपानीको सहज पहुँच पुग्न नसकेका वस्तीका सबै नागरिकलाई स्वच्छ खानेपानीको पहुँचमा ल्याउन खानेपानी आयोजनाको निर्माण तथा मर्मत सम्भारका आयोजनाहरु संचालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। जसका लागि वडागत तथा पालिकास्तरीय खानेपानी योजनाको लागि बजेट विनियोजन गरेको छु।

**आर्थिक विकासः**

**कृषि तथा पशुपंक्षीः**

१. यस गाउँपालिकाको समृद्धिको मूख्य आधार र प्रमुख पेशा नै कृषि भएको हुँदा कृषि पेशामा युवा जनशक्तिको आकर्षण बढाई कृषिलाई व्यवसायिकरण गर्ने उद्देश्यले कृषि क्षेत्रका लागि विशेष प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु।

२. कृषि क्षेत्रको अभिलेखलाई प्रविधिकरण गर्न किसान सुचीकरण कार्यक्रम मार्फत सुचीकृत गरी कृषि सम्बन्धी एकिकृत तथ्यांकको संकलन गरी किसानको पहिचान तथा वर्गिकरण गरी किसान परिचय पत्र वितरण गर्न ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

३. कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि कृषि क्षेत्रको व्यावसायिकरण, यान्त्रिकरण तथा आधुनिकीकरणमा जोड दिँदै किसानहरुलाई लागत सहभागितामा हाते ट्याक्टर वितरणका लगायतको लागि रु ९९ लाख बजेट विनियोजन गरेको छु।

४. तरकारी पकेटको रुपमा विकास गर्न तथा गत आ व मा छनौट भएको पकेटको निरन्तरताको लागि रु ६ लाख बजेट विनियोजन गरेको छु।

५. तरकारी मिनिकिट हाइब्रिड बिउ बिजन र बिषादी खरिद लागयत कार्यक्रममा लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६. पशुहरुमा देखिने महामारी तथा आकस्मिक रोग निययन्त्रण तथा पशु उपचार सेवाका लागि रु १० लाख र भ्याक्सिन खरिदका लागि २ लाख बजेट व्यवस्था गरेको छु।

७. पशुजन्य उत्पादन वृद्धि तथा पशु नश्ल सुधारको लागि ए.आई. मिसन कार्यक्रम सञ्चालन गर्न ५० हजार बजेट व्यवस्था गरेको छु।

८. महामारी लगायत पशुहरुमा देखिने रोगहरुको उपचारका लागि पशु स्वास्थ्य प्राविधिकहरुलाई कृषकको घरगोठ तथा कृषि फर्महरुमै गई सेवा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

९. कृषि विकास शाखाबाट सञ्चालनको लागि ३० लाख र पशु सेवा शाखामार्फत विकासमा रु १५ लाख विनियोजन गरेको छु।

**पर्यटन प्रवर्द्धन र धर्म सँस्कृतिः**

१. "पर्यटनमा लगानी, सम्वृद्धिको बिहानी" भन्ने नारालाई सार्थकता दिन पालिका भित्र रहेका धार्मिक साँस्कृतिक महत्व बोकेका मठमन्दिर, पाटी पौवा तथा धार्मिक, साँस्कृतिक क्षेत्रको आवश्यकता अनुसार मर्मत सम्भार र पुनर्निर्माणका लागि आवश्यक बजेट विनयोजन गरेको छु।

२. पर्यटन प्रवर्धनका लागि पर्यटकीय सम्भावना बोकेका स्थलहरुको संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**लघु, घरेलु उद्यम तथा रोजगारीः**

१. हाम्रा परपरागत तथा घरेलु उद्यम विकास युवा जनशक्तिलाई आवश्यक सिप विकासका तालिम तथा उद्यमशिलता प्रवर्द्धनका लागि रु ८ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२. स्थानीय स्तरमा संचालन हुने विकास आयोजनामा न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित हुने गरी बेरोजगार सूचीमा सूचीकृत व्यक्तिहरुलाई काममा खटाउन गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सशर्त अनुदानबाट प्राप्त बजेटका साथै स्थानीय तहबाट थप लागत साझेदारी समेत गरी कुल ४७ लाख ४४ हजार बजेट विनियोजन गरेको छु ।

**सिचाईः**

१. सिचाई सुविधा नपुगेका कृषि भूमिमा सिचाई सुविधा विस्तारका लागि सिचाइ नहर, पोखरी, पाइप सिचाई, स्यालो ट्युवेल जस्ता सिचाई पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद व्यवस्थापनः**

१. सम्भावित विपद् जोखिम् स्थानहरुको भौगर्भिक अध्ययन मार्फत पहिचान र नक्सांकन गरी बाढीको जोखिम् कम गर्नको लागि विभिन्न निकायहरुसँग लागत साझेदारी गरी पूर्वसूचना प्रणालीको स्थापना र विकास गर्ने व्यवस्था गरेको छु । जोखिममा रहेका वस्तीहरुमा जोखिम कम गर्न तटबन्ध लगायतका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२. विपद जोखिम न्यूनीकरण, प्रतिकार्य राहत उद्दार र पुन निर्माण, स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) को स्थापना तथा सञ्चालन लगायत विपद व्यवस्थापन सँग सम्बन्धित कार्यका लागि विपद व्यवस्थापन कोष तर्फ १४ लाख बजेट विनियोजन गरेको छु ।

**पूर्वाधार विकासः**

**भवन, पुल, शहरी विकास, सडकः**

१. छोटकी रामनगर पर्सहवा हुदै निविहवा जिगिना मर्चवार बनगाई सडकमा संघ सरकारको समपुरक बजेट अनुसार कालोपत्रे गर्नको लागि रु ३ करोड ६० लाख र सम्मरीमाई ६ पोखरहवा सिद्धनाथ रामनगर जाने सडक कालोपत्रे गर्ने कामको लागि रु १ करोड ४४ लाख साथै प्रदेश सरकारको समपुरकमा ६ नं वडामा डिहुली सडकको लागि १ करोड ५० लाख बजेट व्यवस्था गरेको छु ।

२. पालिका भित्रका सबै वडाहरुलाई जोड्ने मूख्य सडक संजालहरुलाई मर्मतसंभार तथा स्तरोन्नति गरी बाह्रै महिना संचालनमा ल्याउन मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३. निर्माणाधिन आयोजना समयमै सम्पन्न गर्ने तथा अधुरा आयोजनालाई पूर्णता दिन आवश्यक व्यवस्था मिलाईनेछ ।

४. विगत बर्षका ठेक्का भई निर्माणाधिन ३ न वडा कार्यालय भवन निर्माणलाई यसै बर्षमा सम्पन्न गर्ने गरी वडागत सीमाबाट आवश्यक बजेट व्यवस्था गरेको छु । यसै बर्ष भवन निर्माण सम्पन्न भई नयाँ भवनबाट वडा कार्यालय सञ्चालनमा आउने विश्वास लिएको छु ।

५. पालिकाभित्र रहेका अधुरा सार्वजनिक भवन निर्माणको लागि समन्वय गरी समयमै सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापनको लागि पहल गरिनेछ ।

**विद्युत तथा स्वच्छ उर्जा:**

१. राष्ट्रिय प्रसारण लाईन नपुगेका वडा तथा टोलहरुलाई राष्ट्रिय प्रसारण लाईनको पहुँच भित्र पुऱ्याउन सम्बन्धित निकायसँग आवश्यक पहल तथा समन्वय सहकार्य गरिनेछ। केही स्थानमा पुराना लाइन मर्मत सुधारका लागि बजेट व्यवस्था गरेको छु।

२. ऊर्जाको रुपमा प्रयोग हुदै आएका दाउरा तथा ग्याँस सिलिण्डरको प्रयोगलाई निरुत्साहित गरी विद्युतीय इन्डक्सन चुलो लगायतका नविकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

**सूचना तथा सञ्चार प्रविधि:**

१. नागरिकहरुको सार्वजनिक सूचनामा पहुँच अभिवृद्धि गर्न गाउँपालिकाको Website, Facebook Page जस्ता सामाजिक सञ्जाललाई नियमित रुपमा अपडेट गरी कार्यालयका गतिविधिहरुलाई नियमित रुपमा सार्वजनिक गरिने छ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक लेखापरिक्षण लगायत सुशासनका कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

२. नेपाल टेलिकमसँग समन्वय गरी गाउँपालिका भित्रका सरकारी कार्यालय र गाउँ वस्तीमा Fiber इन्टरनेट सेवा विस्तार गरिनेछ।

३. गाउँपालिका बाट प्रवाह गरिने सम्पुर्ण सेवाहरुलाई सुचना तथा सञ्चार प्रविधिमैत्री बनाउन SMS Gate Way, न्यायिक निर्णयमा सूचना प्रणालीको प्रयोग लगायत एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, ई-हाजिरी, विद्युतीय अनुगमन प्रणाली जस्ता प्रविधिको प्रयोगलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छु।

**सार्वजनिक सेवा प्रवाह, संस्थागत विकास तथा सुशासनः**

१. स्थानीय तहबाट प्रदान गरिने सबै किसिमका सेवालाई पहुँचयोग्य, सेवाग्राहीमैत्री, जनउत्तरदायी, पारदर्शी, पूर्वानुमानयोग्य तथा सरलीकृत गर्दै "सुशासन नै सार्वजनिक सेवा प्रवाहको आत्मा" भन्ने नारालाई मुलमन्त्रको अवलम्बन गरिनेछ।

२. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार, दण्ड र करार नवीकरण गर्ने पद्धति अवलम्बन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु।

३. सार्वजनिक सेवा प्रवाहलाई विकेन्दीकरण गर्दै नागरिकको घरदैलोमा पुऱ्याउन वडा स्तरमा घुम्ती शिविरहरु संचालन, बजार अनुगमन, गाउँपालिकाद्वारा हाल सम्म जारी ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन लगायतका कानुनी दस्तावेजहरू समयानुकुल संशोधन परिमार्जन लगायतका कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

४. कार्ययोजना बनाई बेरुजु फर्छ्यौटलाई तिब्रता दिने र सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाई सुशासन अभिवृद्धिका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

५. गाउँपालिका वा अन्तर्गत निकायमा कार्यरत कर्मचारीलाई स्थानीय निजामती सेवा ऐन र नियमावली अनुसारको सेवा सुविधा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्यहरु,
अब म माथि उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि बजेट व्यवस्थापन र स्रोत प्रस्तावित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. आर्थिक वर्ष २०८२/०८३ का लागि कुल रु. ५९ करोड ०३ लाख विनियोजन गरिएको छ। जसमध्ये कुल खर्चमा चालु तर्फ रु ३६ करोड ९० लाख जून कूल बजेटको ६२.५१ प्रतिशत हुन जान्छ। पूँजीगत तर्फ रु. २२ करोड १२ लाख कूल बजेटको ३७.४९ प्रतिशत विनियोजन हुने व्यवस्था मिलाएको छु।

२. आर्थिक वर्ष २०८२/०८३ का लागि कुल खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्व परिचालन बाट अनुमानित रु ६० लाख, आर्थिक बर्ष २०८१/०८२ को विनियोजनबाट बचत हुने अनुमानित रु ५ करोड २५ लाख, राजश्व बाँडफाँड भई संघीय सरकारबाट प्राप्त हुने अनुमानित अनुदान रु १० करोड २१ लाख ५९ हजार, राजश्व बाँडफाँड भइ प्रदेश सरकारबाट पाप्त हुने सवारी साधन कर अनुमानित रु ९१ लाख ५० हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान अनुमानित रु १५ करोड ४० लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान अनुमानित रु १ करोड ११ लाख ९१ हजार, नेपाल सरकारबाट सशर्त बिशेष तथा समपुरक अनुदान गरी रु २१ करोड ५२ लाख र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त समपुरक र बिशेष अनुदान गरी कुल अनुमानित रु २ करोड ०१ लाख, मालपोत/रजिष्ट्रेशन बाँडफाँडबाट रु ६० लाख र नदीजन्य पदार्थको विक्री वितरणबाट रु १ करोड ४० लाख प्राप्त हुने अनुमान गरेको छु।

३. आगामी आर्थिक वर्षका लागि अनुमानित आय र व्ययको रकम बराबर हुने गरी विनियोजन गरेको छु। प्रस्तुत बजेटको अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर तर्जुमा भएको व्यहोरा यस सम्मानित गाउँ सभा समक्ष जानकारी गराउन चाहन्छु।

४. खर्च तर्फ विषयगत योजना तथा कार्यक्रमगत विस्तृत विवरण गाउँ सभाबाट पारित भई सकेपछि सार्वजनिक गर्ने व्यवस्था मिलाएको छु। व्ययको चालु प्रशासनिक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्रसेवक कर्मचारीहरुको तलब, जनप्रतिनिधि, कर्मचारीको सेवा, सुविधाका साथै गाउँपालिकाबाट उपलब्ध हुने सेवा, सुविधासमेत गरी कार्यरत सम्पूर्ण स्थायी तथा करार कर्मचारीहरुको तलब, भत्ता र अन्य सुविधा वापतको रकम समावेश गरेको छु। विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाउने, प्रशासनिक खर्चको भार घटाउँदै लैजाने, खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी बनाउँदै तोकिएको समयभित्रै कार्य सम्पन्न हुने गरी बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानून बमोजिम मैले सम्मानित गाउँ कार्यपालिकाको बैठकको सर्वसम्मत निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरेको छु। बजेट तथा कार्यक्रम तर्जुमा गर्दा हाम्रा क्षेत्रगत विकास नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु। हामीलाई उपलब्ध सीमित साधन स्रोतका कारण गाउँबासीले टोलवस्तीबाट हुँदै वडास्तरबाट माग गरी पठाएका कार्यक्रमहरु पूर्ण रुपमा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रममा सम्बोधन गर्न नसक्ने हुँदा सम्बोधन हुन छुट भएका कार्यक्रमलाई आगामी बर्षको बजेट, संघीय तथा प्रदेश सरकारसँग माग गरी क्रमशः कार्यान्वयन गर्दै लैजान पहल गरिने प्रतिवद्धता समेत यस सम्मानित गाउँ सभा समक्ष गर्दछु।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

अब म सम्मानित गाउँ सभा समक्ष मैले माथि प्रस्तुत गरेको गाउँपालिकाको गत वर्ष २०८०/०८१ को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८१/०८२ को संशोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय र व्ययको विवरण सम्मानित गाउँ सभामा घनिभूत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु।

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यहरु,

प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमाका लागि आफ्नो अमूल्य राय, सुझाव दिनु हुने गाउँ कार्यपालिकाका सदस्यहरू, टोल वस्तीमा गई नागरिकका समस्यालाई यहाँ सम्म पुऱ्याउनुहुने वडा समितिका पदाधिकारीहरु, सबै विषयगत समितिका संयोजक एवम् सदस्यहरु लगायत सबै महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा घनिभूत छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनु हुने गाउँ कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी, शाखा प्रमुख, शिक्षक, उद्यमी, व्यवसायी, समाजसेवी, बुद्धिजिवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमका प्राथमिकता प्राप्त कार्यक्रमहरु साझेदारी र सहकार्यमा कार्यान्वयनका लागि सहयोग गरि दिनु हुन नेपाल सरकार, लुम्विनी प्रदेश सरकार, अन्य स्थानीय तह, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम् प्रबुद्ध वर्गहरु, आम गाउँबासी आमा बुबा दाजु भाई दिदी बहिनीहरु, मतदाता, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, सम्पूर्ण कर्मचारी, सञ्चार जगत तथा नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

२०८२ असार १० मंगलवार,

**कुमारी प्रियंका शाही सिंह**
**योजना तर्जुमा समिति संयोजक**